भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णय
मिति : २०८१/०७/२८

नगर कार्यपालिकाको ३४औं बैठकको एजेन्डा

१) गत बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२) राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता, २०८१ को समीक्षा सम्वन्धमा ।

३) उच्च मुल्यका फलफूल तथा तरकारी खेती कार्यक्रमको ड्रम, हरीयो नेट जाली र नरम गार्डेन पाईप वितरण सम्वन्धमा ।

४) नयाँ तरकारी पकेट विकास कार्यक्रम सम्वन्धमा ।

५) कृषि बजारको कोठा भाडा र चिस्यान केन्द्र सन्चालन सम्वन्धमा ।

६) लैङ्गिक परिक्षण सन्चालन सम्वन्धमा ।

७) आयोजना/कार्यक्रम रकमान्तर/शिर्षकान्तर सम्वन्धमा ।

८) महिला आत्मनिर्भर कार्यक्रम कार्यान्वियनको लागि समिति गठन गर्ने सम्वन्धमा ।

९) संघीय शिक्षण सहयोग अनुदान उपलब्ध गराउने सम्बन्धमा।

१०) पाखलती व्यवसायिक भवन सटर नं. २ भाडामा लगाउन सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

११) नगर प्रहरी नायव निरीक्षक पदको पदपूर्ति गर्ने सम्वन्धमा ।

१२) प्रदेश लोक सेवा आयोगको माग आकृति सम्वन्धमा ।

१३) EBA II अन्तर्गत भीमेश्वर नगरपालिकाको स्थानीय अनुकूलन कार्ययोजनाको ToR स्वीकृत सम्वन्धमा ।

१४) समपुरक अनुदान अन्तर्गतका सडक आयोजनाहरुको इष्टिमेट स्वीकृत सम्वन्धमा ।

१५) वडा नं. ५ को कार्यालय भवनको बाँकी काम सम्वन्धमा ।

१६) सिसिटिभी क्यामरा जडान गर्न थप लाइन विस्तार सम्वन्धमा ।

१७) झोलुंगे पुलको स्टिल पार्ट्स खरिदको ठेक्काको म्याद सम्वन्धमा ।

१८) सरसफाई केन्द्र क्षेत्रको प्रारम्भिक बातावरणीय परिक्षण (IEE) स्वीकृत सम्वन्धमा ।

१९) थप झोलुंगे पुल माग सम्वन्धमा ।

२० र २१) आयोजनाहरुको स्थान परिवर्तन गर्न पत्राचार गर्ने सम्वन्धमा ।

२२) विविध विषयहरु :

क) जिवन विज्ञान परिषद्, चरिकोट, दोलखाको प्रस्ताव पत्र सम्वन्धमा ।

ख) बजार व्यवस्थापनका लागि अनावश्यक तारहरु हटाउने सम्वन्धमा ।

ग) कालिन्चोक शान्तनन्द धर्म कर्म सेवा संघ, चरिकोट, कोटीहोम, दोलखाको आर्थिक सहयोग सम्वन्धी निवेदन सम्वन्धमा ।

घ) दोलखा डान्स क्रु, चरिकोट, दोलखाको प्रस्ताव पत्र सम्वन्धमा ।

ङ) क्षमावती मा.वि.को भोगचलनमा रहेको जग्गाको सम्वन्धमा ।

च) सरसफाई केन्द्र पहुँच मार्ग मर्मत/ ग्राभेल कार्य सम्वन्धमा ।

छ) भीमेश्वर नगपालिका वडा नं, ३ स्थित बिभिन्न सडकहरुको मर्मत कार्य सम्वन्धमा ।

ज) सोक्ला बाल कक्षा सन्चालनका लागि आवश्यक पूर्वाधार निर्माण सम्वन्धमा ।

झ) DPR तयार गर्न माटो परिक्षण गर्नुपर्ने आयोजनाहरुको माटो परिक्षण सम्वन्धमा ।

ञ) यूयसएआइडी तयार नेपाल परियोजना अवधि समाप्त भएको सम्वन्धमा ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णय
मिति : २०८१/०७/२८

निर्णय नं. १ : यस नगरपालिकाको गत महिना बसेको नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

निर्णय नं. २ : भीमेश्वर नगरपालिकाको आयोजनामा मिति २०८१/०७/२३ गतेदेखि २७ गतेसम्म भीमेश्वर रङ्गशाला (चरिकोट टुडिखेल) मा सन्चालन भएको स्थानीय तहस्तरीय छैटौ राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८१ को समीक्षा गरियो ।

निर्णय न ३ : भूकम्प प्रभावित समुदायको आर्थिक विकासका लागि उच्च मुल्यका फलफूल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रमको ड्रम, हरीयो नेट जाली र नरम गार्डेन पाईप वितरण गर्न बाँकी रहेकाले आर्थिक विकास समितिको सिफारिस तथा कृषि प्राविधिकहरुको फिल्ड अनुगमनको आधारमा सिफारीस गरीए अनुसार २० वोट भन्दा बढी फलफूलका विरुवा लगाईएका संलग्न बमोजिमका कृषकहरुलाई उल्लेखित सामग्री वितरण गर्ने निर्णय गरीयो ।

निर्णय न ४ : सङ्घीय सरकारबाट हस्तान्तरीत नयाँ तरकारी पकेट विकास कार्यक्रमका लागि प्रकाशित सूचनामा २ वटा क्षेत्रमा नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालन गनु पर्नेमा छिमेकी कृषक समुह भी.न.पा. ५ र पौरखी कृषि सहकारी संस्था लि. भी.न.पा ६ ले कार्यक्रमा आवेदन पेस गरेकाले आर्थिक विकास समितिको सिफारिस बमोजिम उक्त कार्यक्रम उल्लेखित समुह/सहकारीलाई दिने निर्णय गरीयो ।

निर्णय न ५ : कृषि बजारमा रहेको दुई वटा दुई तले भवन सन्चालन र चिस्यान केन्द्र सन्चालन गर्न कार्यविधि निर्माणका लागि आर्थिक विकास समितिका संयोजक तथा वडा नं. ५ का वडाअध्यक्ष बासु श्रेष्ठको संयोजकत्वमा तपसिलको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री बासु श्रेष्ठ, आर्थिक विकास समितिका संयोजक तथा वडाअध्यक्ष, वडा नं. ५ |
| सदस्य | श्री नविन कुमार लामा, वडाअध्यक्ष, वडा नं. ६ |
| सदस्य | श्री हरिशरण शिवाकोटी, वडाअध्यक्ष, वडा नं. ३ |
| सदस्य | श्री बिनोद तामांग, वडाअध्यक्ष, वडा नं. ७ |
| सदस्य | श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत |
| सदस्य सचिव | श्री शान्ती आचार्य, कृषि अधिकृत |

निर्णय न ६ : भीमेश्वर नगरपलिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार सि.नं. १४७ को लैङ्गिक उत्तरदायी बजेट परिक्षण असल शासन समन्वय समिति, चरिकोट, दोलखा मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको बैठकको निर्णय
मिति : २०८१/०७/२८

निर्णय नं. ७ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा रहेको देहायका आयोजनाहरु संशोधनका लागि सम्वन्धित शाखा तथा वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर /योजना संसोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | बजेट शि.नं. | साविकको आयोजना | रकम रु. | संशोधित आयोजना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ३ | मानेडाँडा सौन्दर्यकरण कार्य, भीनपा ६ (शहरी शासकीय) | १०,००,०००/- | मानेडाँडा - सातदोवाटो सडक नाला तथा पूर्वाधार निर्माण, भीनपा ६ | १०,००,०००/- |
| २ | २७७ | शहरी क्षेत्र सौन्दर्यकरण कार्यक्रम | १८,००,०००/- | शहरी क्षेत्र सौन्दर्यकरण पूर्वाधार कार्यक्रम | १८,००,०००/- |
| वडा नं. ४ | | | | | |
| | १५ | फसि भै पक्कि गोरेटो बाटो निर्माण आयोजना | १०,००,०००/- | फसि भै पक्कि गोरेटो बाटो तथा पहिरो नियन्त्रण आयोजना | १०,००,०००/- |
| | ४०० | एकल महिला, दलित, अपांग तथा जेष्ठनागरिक सँग सम्वन्धित कार्यक्र | ३,००,००.००/ | दलित आयआर्जन कार्यक्रम | १,००,०००/- |
| | | | | एकल महिला प्रोत्साहन कार्यक्रम | ५०,०००/- |
| | | | | अपांग क्षमता विकास कार्यक्रम | ५०,०००/- |
| | | | | जेष्ठ नागरिक प्रोत्साहन कार्यक्रम | १,००,०००/- |
| | ४०२ | टोल विकास संस्था/महिला/बालबालिका शसक्तिकरण कार्यक्रम | ३,००,००.००/ | टोल विकास व्यवस्थापन | १,२५,०००/- |
| | | | | महिला समुह क्षमता विकास कार्यक्रम | १,२५,०००/- |
| | | | | बाल क्लव क्षमता विकास कार्यक्रम | ५०,०००/- |
| | ४०३ | बिउको पशु खरिद कार्यक्रम | २.५०,०००/ | बिउको पशु खरिद कार्यक्रम | १,००,०००/- |
| | | | | जिलु सोलार बत्ति कार्यक्रम | १,००,०००/- |
| | | | | कृषक सम्मान कार्यक्रम | ५०,०००/- |
| वडा नं. ६ | | | | | |
| ३ | २६७ | रामको सालिक निर्माण भीनपा ६ | १०,००,०००/- | राम जानकी मार्ग सडक कालोपत्रे . | ४१,००,०००/- |
| ४ | २६९ | सरसफाई केन्द्र क्षेत्र पूर्वाधार कार्यक्रम - रामको सालिक निर्माण क्षेत्र | २५,००,०००/- | | |
| ५ | | रामकोट सामाजिक विकास कार्यक्रम | २,००,०००/- | | |
| ६ | | काभ्राको धारा कुल्चोक गोरेटो बाटो | ४,००,०००/ | | |
| वडा नं. ७ | | | | | |
| ७ | ५०० | विपद व्यवस्थापन कार्यक्रम | २,००,०००/- | विपद व्यवस्थापन कार्यक्रम | १,००,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हात्तीछहरा क्षेत्र बन्जी खेल थ्रीडी सहित डिजाईन | १,००,०००/- |
| वडा नं. ८ | | | | | |
| ८ | | कडेन खानेपानी आयोजना | २,००,०००/- | गर्भवती तथा सुत्केरी महिला पोषण कार्यक्रम | १,००,०००/- |

निर्णय नं. ८ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत योजना/कार्यक्रम अन्तर्गत सि.नं. १५९ को महिला आत्मनिर्भर कार्यक्रम कार्यान्वयन गर्ने कार्यविधि निर्माणका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

संयोजक श्री स्टालिन श्रेष्ठ, संयोजक, सामाजिक विकास समिति
सदस्य श्री नारायण प्रसाद शिवाकोटी, खरिद समिति, संयोजक
सदस्य श्री शान्ती आचार्य, कृषि सेवा शाखा प्रमुख
सदस्य श्री सुर्जा दाहाल, महिला तथा जेष्ठ नागरिक शाखा प्रमुख
सदस्य श्री रमला घिसिंग, पशु सेवा शाखा प्रमुख
सदस्य सचिव श्री नारायण प्रसाद सेढाई, आर्थिक विकास शाखा प्रमुख

निर्णय नं. ९ : भीमेश्वर नगरपालिका वडा नं ७ मा सञ्चालित सेतीदेवी माध्यमिक विद्यालय, काउले बालकक्षा देखि कक्षा १० सम्म सञ्चालन भईरहेकोमा त्यस विद्यालयमा निम्न माध्यमिक तह विज्ञान विषयको राहत दरवन्दी १ (एक) र काजमा सामाजिक विषयको शिक्षक १(एक) मात्र भएको हुँदा अङ्ग्रेजी र गणित विषयको पठनपाठन हुन नसकेको तथा माध्यमिक तहमा संघीय अनुदान शिक्षण सहयोग अनुदान २(दुई) वितरण गरिएको र उक्त विद्यालयलाई संघीय अनुदानबाट माध्यमिक तह कक्षा ९-१० मा विज्ञान, गणित र अङ्ग्रेजी विषयको लागि ३(तीन) ओटा कोटा उपलब्ध गराउन सकिने व्यवस्था भएकोमा माध्यमिक तह कक्षा ९-१० मा गणित विषयको शिक्षकका लागि प्रदेश सरकारबाट शिक्षण सहयोग अनुदान प्राप्त गरेकाले संघीय सरकारबाट वित्तीय हस्तान्तरित कक्षा ९-१० मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षकबाट विद्यालयको आवश्यकताको आधारमा निमावि तहको लागि अङ्ग्रेजी वा गणित मध्ये १(एक) निम्न माध्यमिक तह (कक्षा ६-८) को शिक्षक यस आर्थिक वर्षको लागि व्यवस्थापन गर्न सि.नं. १७, १८ र १९ बाट विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १० : यस नगरपालिकाको स्वामित्वमा रहेको वडा न. २ स्थित पाखलती व्यवसायिक भवन सटर न. २ को जोशी इलोक्ट्रोनिक्स एण्ड फोटो स्टुडियोले भाडामा लिई सन्चालन गरिरहेको सटर यहि २०८१ साल असोज महिनादेखि खाली गर्नेगरी मिति २०८१ साल भदौ ३० गते यस कार्यालयमा निवेदन

विश्वकसेन ढकाल

दर्ता गरेकोले उक्त सटर साविक भाडा दरलाई न्यूनतम् भाडा दर कायम गरी पुनः भाडामा लगाउन सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ११ : यस नगरपालिकाको ३१ औं नगर कार्यपालिका बैठकबाट १ (एक) जना नगर प्रहरी नायव निरीक्षकको करार दरवन्दी स्वीकृत भएकोमा उक्त पदको पदपूर्ति गर्न कार्यविधि आवश्यक भएकोले आगामी कार्यपालिकाको बैठकमा पेश हुनेगरी कार्यविधि निर्माण गरी छनौट प्रक्रियामा जान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौडाको च.नं.१४७, मिति २०८१/०७/२१ को पत्रबाट यस कार्यालयमा रिक्त सहायक पाँचौ तहका पदहरुको माग आकृति फाराम पठाई दिन पत्राचार भएकोले तपसिल बमोजिमका पदहरु पदपूर्ति गरिदिनका लागि कृषि सेवा मत्स्य समूहका प्राविधिक सहायक (सहायक पाचौ) पदको माग आकृति फाराम पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद | तह | सेवा/समूह | रिक्त पद संख्या | माग गरिएको पद संख्या |
|---|---|---|---|---|---|
| १ | प्राविधिक सहायक | सहायक पाचौ | कृषि/ मत्स्य | १ | १ |
| २ | हेल्थ असिस्टेन्ट | सहायक पाचौ | स्वास्थ्य/ हे.इ. | २ | २ |

निर्णय नं. १३ : EBA II कार्यक्रम अन्तर्गत भीमेश्वर नगरपालिकाको स्थानीय वातावरण अनुकूलन कार्ययोजनाको ToR स्वीकृत गर्ने र परामर्श सेवा मार्फत कार्ययोजनाको खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४ : भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत सङ्घीय/प्रदेश समपुरक अनुदान तथा भीमेश्वर नगरपालिकाबाट विनियोजित बजेट अन्तर्गत तपसिल बमोजिमका सडक आयोजनाहरुको देहाय अनुसारका ईष्टिमेट स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | ठेगाना | स्वीकृत ईष्टिमेट रकम | थप श्रोत |
|---|---|---|---|---|
| १ | पाटिखोला - उखुबारी - काउले सडक | भीनपा ६ र ७ | ३८३३६७९५/५२ | शि.नं. २०३, २००, ,२११,२१४,२१५,२१७,२१९,२२०,२२१ २२२, |
| २ | बालगृह - तिखातल सडक | भीनपा ४, ३ र २ | ३८७१०९०७/९९ | |
| ३ | घ्यावापानी - सेरा - निगाले सडक | भीनपा ६, ७, ८ र ९ | २५०८२१२०/९२ | |
| ४ | रामजानकी — चिम्सेगाडे सडक | भीनपा ६ | ४९९८६६८/५८ | शि.नं. ४७८, ४८८ |
| ५ | वडा कार्यालय भवन निर्माण | भीनपा २ | ६६,८१२०७/२५ | शि.नं. ३१९, ३२१, ३२४, ३२६ |

निर्णय नं. १५ : भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गत वडा नं. ५ को कार्यालय भवन निर्माणको लागि विनियोजित बजेट रु ७५,००,०००/- (पचहत्तर लाख) बाट ठेक्का कार्यको भुक्तानी पश्चात बाँकी रहेको बजेटबाट कार्यालय भवनको बाँकी पूर्वाधार निर्माण कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १६ : भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु ३०,००,०००/- (तीस लाख) र बागमती प्रदेशबाट हस्तान्तरित आयोजना अन्तर्गत विनियोजित बजेट रु १०,००,०००/- (दश लाख) बाट सिसिटिभी क्यामरा जडानका लागि भएको ठेक्का सम्झौताबाट बचत भएको रु १२,००,०००/- (बाह्र लाख) बाट चरिकोट बजार क्षेत्रमा थप अप्टिकल फाइबर तथा सिसिटिभी क्यामरा जडान गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १७ : झोलुंगे पुलको स्टील पार्ट्स खरिदको ठेक्काको सम्झौताको अन्तिम म्यादमा थप ३० दिन म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : भीमेश्वर नगरपालिका वडा नं. ६ रामकोटस्थित सिमपानी सामुदायिक वन क्षेत्रमा भीमेश्वर नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि प्रस्तावित सरसफाई केन्द्र क्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन परामर्शदाता श्री नेपाल सेन्टर फर ईन्भाईरोमेन्टल रिसर्च प्रा.लि., च्यासल, ललितपुरबाट तयार भई कार्यपालिकामा प्रस्तुत भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०८१ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : भीमेश्वर नगरपालिकाको ग्रामीण तथा पर्यटकीय क्षेत्रमा अतिआवश्यक तपसिल बमोजिमका झोलुंगे पुल निर्माणका लागि शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभागमा माग गर्ने निर्णय गरियो ।

तपसिल

क) तल्लो मर्याङ खोला झो.पु., भीनपा २ र ४
ख) हात्तीछहरा झो.पु., भीनपा ७ र ८
ग) खोर्थली झो.पु. , भीनपा ३
घ) टारी खोला पुल झो.पु., भीनपा १ र कालिन्चोक गापा ९
ङ) अधेरी खोला झो.पु., भीनपा १
च) मर्याङ खोला झो.पु., भीनपा २ र ३, तिखातल
छ) ओखे –सुर्के झो.पु. भीनपा ९

निर्णय नं. २० : पूर्वाधार विकास कार्यालय, दोलखाको चालु आ.व. २०८१/०८२ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत अनाथालय गाईघाट सडक, भीनपा ८ मा रु १०,००,०००/- (दश लाख) बिनियोजन

भएकोमा उक्त आयोजना भीनपा ५ मा मात्र रहेकोले उल्लेखित आयोजनाको स्थान भीनपा ५ कायम गरी कार्यान्वायन गरिदिन पूर्वाधार विकास कार्यालय, दोलखा मार्फत भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेशको चालु आ.व. २०८१/०८२ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत घोक्सिला माटी खा.पा.अ., भीनपा ८ मा रु ५,००,०००/- (पाँच लाख) बिनियोजन भएकोमा उक्त आयोजना भीनपा ५ मा मात्र रहेकोले उल्लेखित आयोजनाको स्थान भीनपा ५ कायम गरी कार्यान्वयन गरिदिन खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ : विविध

क) जिवन विज्ञान, परिषद् चरिकोट, दोलखाले आरोग्यताका लागि स्वजागरण कार्यक्रम सन्चालनका लागि प्रस्ताव पत्र पेश भई आएकोले उक्त कार्यक्रम सन्चालनका लागि शीर्षक नं. १६२ को नगर पूर्वाधार निर्माण मर्मत तथा स्तरोन्नतिबाट रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिकाको वडा नं. २. ३ र ६ स्थित मुख्य बजार क्षेत्रमा अव्यवस्थित रुपमा रहेको तार हरुको कारण बजारको सौन्दर्यमा असर गरेकोले अव्यवस्थित रुपमा रहेको तार हरु हटाउन केवल, टेलिफोन तथा ईन्टरनेट सेवा प्रदायक संस्थालाई पत्राचार तथा सूचना प्रवाह गर्ने निर्णय गरियो ।

ग) कालिन्चोक शान्तनन्द धर्म कर्म सेवा संघ, चरिकोट, कोटीहोम, दोलखाले विजयादशमी, २०८१ को दुर्गा नवमी पुजा सन्चालनका लागि निवेदन पेश भई आएकोले उक्त कार्यक्रम सन्चालनका लागि शीर्षक नं. .४० को कार्यक्रम खर्च (धार्मिक साँस्कृतिक तथा जात्रा पर्व) बाट रु १५,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

घ) दोलखा डान्स क्रु, चरिकोट, दोलखाले शुभ दिपावली, २०८१ को उपलक्ष्यमा साँस्कृतिक कार्यक्रम सन्चालनका लागि शीर्षक नं. ५२ को विविध कार्यक्रम खर्च रु २०,०००/- (बिस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

ङ) दोलखा जिल्ला साविक क्षमावती गाविस ७ हाल भीमेश्वर नगरपालिका वडा नं. १ को कि.नं. ३०१, ३०२, ३०३, ३०४, ३०५, ३०६, र ३०७ का जग्गा (नापी फिल्डबुक) बमोजिम क्षमावती मा.वि.को नाममा नापी नक्सा भई उक्त कि.नं. का जग्गाहरु सोही विद्यालयले हालसम्म भोगचलन गर्दै आएको व्यहोरा सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

च) भीमेश्वर नगपालिका वडा नं, ६ स्थित सरसफाई केन्द्र पहुँच मार्ग मर्मत/ ग्राभेल कार्यको लागि सि.नं. २४२ को सडक नियमित मर्मत सम्भार कार्यबाट रु १,०४,०००/- भुक्तानी गर्ने निर्णय गरियो।

छ) भीमेश्वर नगपालिका वडा नं, ३ स्थित बिभिन्न सडकहरुको मर्मत कार्यको लागि सि.नं. २४२ को सडक नियमित मर्मत सम्भार कार्यबाट रु ९१,५४४/४१/- भुक्तानी गर्ने निर्णय गरियो ।

ज) भीनपा २ स्थित सोक्ला बाल कक्षा सन्चालनका लागि आवश्यक पूर्वाधारको कार्य गर्न रु १,००,०००/- सि.नं. २७२ को सार्वजनिक निर्माण पुँजीगत सुधार तथा संरक्षण कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो।

झ) विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न माटो परिक्षण गर्नुपर्ने बिपि स्मृति भवन निर्माण लगायतका आयोजनाहरुको माटो परिक्षण गर्न सि.नं. २२३ र २०४ बाट व्ययभार व्यहोर्ने गरी रु ३,००,०००/- को खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ञ) विगत ४ वर्षदेखि यस नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा नीति, कानून निर्माण, पूर्वतयारी, प्रतिकार्य, पूर्व सूचना प्रणाली, जोखिम संवेदनशील भू-उपयोग योजना, आगलागी तथा मनसुनजन्य विपद व्यवस्थापनमा तालिम, गोष्ठी/सेमिनार एवम् भौतिक निर्माणका साथै जिन्सी सामाग्री समेत प्रदान गरी भौतिक पूर्वाधार तथा कृषि/सामाजिक तथा लैङ्गिक समानताका लागि कार्यक्रम गर्दै आएको यूयसएआईडीको तयार नेपाल परियोजनाको अवधि पूरा भई सफलतापुर्वक सम्पन्न गरेकोमा उक्त सहयोगका लागि यूयसएआईडीको तयार नेपाल परियोजनालाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत सहकार्यका लागि अनुरोध गर्ने निर्णय गरियो ।

विशकसेन ढकाल
प्रमुख प्रशासकीय अधिकृत